# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः६ संख्याः १२ कार्यपालिकाबाट पारित मितिः २०८०।।०३।२२

प्रमाणिकरण मितिः २०८०।०४।१८

प्रकाशन मितिः २०८०।०४।१८

## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिकाको रोजगार रणनीति, २०८०

**खण्ड-१: रणनीतिक सन्दर्भ (Strategic Context)**

**१. पृष्ठभूमिः**

"श्रम तथा रोजगार" तीनै तहका सरकारको साझा अधिकार तथा जिम्मेवारीभित्र रहेको विषय भएको हुँदा तीनै तहका सरकारले आवश्यक कार्यक्रम सञ्चालन गरी मुलुकमा रहेको श्रमयोग्य जनशक्तिलाई, रोजगारी तथा स्वरोजगारीको माग प्रक्षेपणको आधारमा उचित अवसर प्रदान गरी सन्तुलित श्रम बजार कायम गर्नुपर्ने व्यवस्था रहेको छ। यद्यपि नेपालको सन्दर्भमा आन्तरिक रोजगारीको उपलब्धताले श्रम बजारमा प्रवेश गर्ने जनशक्तिलाई न्यून वा आंशिक रूपमा मात्र प्रशोचन गर्ने गरेको र श्रमको सम्मानको धारणा पूर्ण रूपमा विकसित नभई सकेकाले बाध्यात्मक तथा अवसरको खोजीमा बर्षेनी ठूलो मात्रामा श्रमशक्ति पलायन हुने अवस्था रहेको छ। श्रमको सम्मानको धारणा वृद्धि गराउन, श्रम शक्तिलाई श्रम बजारमा उपयुक्त अवसर सिर्जना गरी आवश्यकताको आधारमा सीप विकास गरेर परिचालन समेत गर्न र उद्यम तथा नवप्रवर्तनलाई प्रोत्साहन गरी उत्पादनशील रोजगारी मार्फत आर्थिक वृद्धि हासिल गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका रहन्छ। रोजगारी तथा स्वरोजगारी मार्फत गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, विपन्न वर्गको सामाजिक सुरक्षा गर्न समेत स्थानीय तहको भूमिका अपरिहार्य रहेको छ।

ठाकुरबाबा नगरपालिकाको रोजगार रणनीति, २०८०

उपलब्ध श्रम शक्तिलाई प्रतिस्पर्धी बनाउँदै सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाएर गरिबी निवारणमा योगदान पुर्याउने राष्ट्रिय लक्ष्य अनुरूप यस ठाकुरबाबा नगरपालिकामा उपलब्ध साधन तथा स्रोतको उच्चतम सदुपयोग गरी, जनसाङ्ख्यिकीय लाभांश (Demographic Dividend) को लाभ लिँदै, श्रमयोग्य उमेर समूहलाई सीपयुक्त बनाई पूर्ण सदुपयोग गर्दै, उत्पादन, उद्यम तथा नवप्रवर्तनको माध्यमबाट रोजगारी तथा स्वरोजगारीको वातावरण सिर्जना गरी सामाजिक र आर्थिक उन्नतिमा अग्रसर हुन यस रोजगार रणनीति तर्जुमा गरिएको हो। कृषि, पर्यटन तथा उद्यममा प्रचुर सम्भावना रहेको यस नगरपालिकाको रोजगार रणनीतिले योजनाबद्ध रूपमा युवा जनशक्तिको पूर्ण सदुपयोग गर्दै स्थानीय हुँदै राष्ट्रिय श्रम तथा रोजगारीको क्षेत्रमा समेत योगदान अभिवृद्धि गरी "समुन्नत ठाकुरबाबाः सबल नगरवासी" को नारालाई मूर्तरूप दिने तर्फ अघि बढ्नका लागि रणनीति तर्जुमा गरिएको छ।

**२. रोजगार रणनीतिको आवश्यकता/औचित्यः**

रोजगारीको क्षेत्रमा ठाकुरबाबा नगरपालिकाले क्षेत्रगत सीप विकास तालिम, लघु उद्यम, कामका लागि पारिश्रमिक र विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासँगको साझेदारीमा लक्षित वर्ग स्वरोजगार/रोजगार तथा सीमूलक तालिम लगायतका कार्यक्रम मार्फत यथेष्ट मात्रामा श्रम तथा रोजगारीको क्षेत्रमा पाइला चालेतापनि थप उपलब्धि हासिल गर्न निम्न चुनौतीहरू रहेका छन्:

- उत्पादनशील भन्दा व्यापार र सेवा क्षेत्रमा बढी केन्द्रित सीमित रोजगारीको अवसर
- कृषि तथा पशुपालनमार्फत स्वरोजगारीका लागि मूल्य श्रृङ्खला (Value Chain) को समस्या, उत्पादनमा अनुदान, प्राविधिक सेवा लगायतका सुविधा उपलब्ध भएतापनि बजारको समस्या रहेको
- स्वरोजगार तथा रोजगारको मुख्य सम्भावनाका रूपमा लिइएको पर्यटन व्यवसायको योगदान तुलनात्मक रूपमा कम रहेको
- तालिममा यथेष्ट लगानी भएतापनि तालिम पश्चात् श्रम बजारमा प्रवेश गर्ने जनशक्ति न्यून हुँदा तालिमको प्रभावकारिता र रोजगारीको उपलब्धतामा समस्या
- सीप र उत्पादन बीच तादम्यता नरहेको
- श्रमको सम्मान र सबै काम बराबरको धारणा बनाउन नसकिएको
- उद्यमशीलता तथा स्वरोजगारीको वातावरण सिर्जनामा सहकारीको प्रभावकारी योगदान नभएको
- रोजगारी, स्वरोजगारी, उद्यम र श्रमको विषय निजी क्षेत्रसँगको सहकार्यमा बढावा दिनुपर्ने आवश्यकता रहेको
- नवप्रवर्तन र च्यालेन्ज फन्ड जस्ता अवधारणा हालसम्म प्रयोग नगरिएको
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, प्रविधि र पुँजीको उपयोग
- श्रम बजारमा सूचना प्रणालीको अभाव हुनु
- रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरूको नक्साङ्कन गर्न नसकिएको
- स्थानीय पाठ्यक्रमलाई व्यवहारिक, सीपमूलक र उद्यमशीलता प्रवर्धन गर्ने गरी बनाउन पर्ने

यस नगरपालिकामा आन्तरिक रोजगारीका प्रमुख क्षेत्रका रूपमा कृषि, पर्यटन, निर्माण, लघु-उद्यम रहेका छन्। उक्त क्षेत्रहरूमा के-कस्ता गतिविधिमा के-कति लगानी गर्दा मापनयोग्य रूपमा रोजगारीका अवसरहरूमा बढवा दिन सकिन्छ तथा नगरपालिकाभित्रका संयन्त्रहरूले रोजगार उन्मूख सेवाहरू समेत व्यवस्थित गरी बढी भन्दा बढी आन्तरिक रोजगारी सिर्जना गर्ने र बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गर्दै सुरक्षित र मर्यादित रोजगारीको अवसर सिर्जना गर्ने सन्दर्भमा समेत यस रणनीति सान्दर्भिक देखिएको छ।

यसै सन्दर्भमा हालसम्म अवलम्बन गरेका नीति तथा कार्यक्रमहरूले स्थानीय तवरमा कृषि तथा पशुपालन, पर्यटन तथा सीप विकासका माध्यमबाट रोजगारी वा स्वरोजगारी सिर्जना तथा उद्यमशीलता प्रवर्धनमा जोड दिएकोमा थप नतिजान्मूख तथा प्रस्ट नतिजासूचक सहितका कार्यक्रम र गतिविधिहरू थप तथा परिमार्जन समेत गरी यो रणनीति निर्माण गरिएको छ ।

**३. अध्ययन पद्धतिः**

यस रणनीति तर्जुमाका निमित्त रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५, राष्ट्रिय रोजगार नीति, २०७१, श्रम तथा रोजगार मन्त्रालयको पञ्चवर्षीय रणनीतिक योजना (२०७९।०८०-२०८३।०८४), श्रमको सम्मान राष्ट्रको अभियान, २०७८, लगायतका ऐननियम तथा राष्ट्रिय नीतिहरूमा आधारित भई स्थानीय स्रोतसाधन, आन्तरिक र बाह्य वातावरण र अवसरहरूको SWOT Analysis गरी रणनीति तर्जुमा गरिएको छ। यस रणनीति निर्माणका क्रममा स्थानीय आवश्यकता, प्राथमिकता तथा सम्भाव्यता अध्ययनका लागि सरोकारवालाहरूसँग सर्वेक्षण तथा सुझाव सङ्कलन र उपलब्ध तथ्याङ्कको समेत विश्लेषण गरिएको छ।

**४. क्षेत्रः** ठाकुरबाबा नगरपालिकाको स्थानीय रोजगार रणनीतिका क्षेत्रहरु निम्न छन्:

- रोजगारी
  - औपचारिक रोजगारी
  - अनौपचारिक रोजगारी
  - न्यूनतम रोजगारी
- रोजगार सहायता
  - रोजगारमूलक सीप विकास
  - सहुलियतपूर्ण कर्जा
  - वित्तीय साक्षरता
  - उद्यमशीलता
  - परामर्श तथा रेफरल सेवा
  - रोजगार विनिमय
- स्वरोजगारी तथा उद्यम
  - उत्पादनमा आधारित
  - सेवामा आधारित
- नवप्रवर्तन

**५. सीमाः**

ठाकुरबाबा नगरपालिकाको हालको अवस्थामा रोजगार रणनीति तयार गर्दा केही तथ्याङ्कहरू सङ्कलनकै क्रममा रहेको, कतिपय विवरणहरू प्राविधिक कठिनाइका कारण उपलब्ध नभएको र कतिपय विवरणहरू उपलब्ध हुन नसकेको कारण सङ्कलित तथ्याङ्क तथा सर्वेक्षणको माध्यमबाट प्राप्त विवरणलाई समेटेर यो रणनीति तयार पारिएको हुँदा केही तथ्याङ्कीय सीमाभित्र रही यो रणनीति तयार गरिएको छ।

ठाकुरबाबा नगरपालिकाको रोजगार रणनीति, २०८०

## खण्ड-२: वर्तमान अवस्थाको विश्लेषण (Current Situation Analysis)

राष्ट्रिय जनगणना, २०७८ अनुसार ठाकुरबाबा नगरपालिकाको कुल जनसङ्ख्या ४९,४२० रहेकोमा काम गर्ने उमेर समूहको सक्रिय जनसङ्ख्या ३१,६२८ (३६% महिला र २८% पुरुष) रहेको छ। श्रमयोग्य जनशक्तिमा महिलाको हिस्सा धेरै देखिएता पनि महिलाको रोजगारीको मुख्य क्षेत्र कृषिमा रहेको हुँदा अनौपचारिक रोजगारीमा रहेको देखिन्छ।

श्रमयोग्य उमेर समूहको जनसङ्ख्याको करिब ७५% जनसङ्ख्या रोजगारीमा संलग्न रहेको देखिएता पनि करिब ४२% रोजगारीको स्रोत अनौपचारिक/मौसमी किसिमको विशेष गरी कृषि रहेकाले खूद रोजगार प्रतिशत अत्यन्त न्यून रहेको छ। रोजगारीमा रहेका करिब चौध हजार महिलाहरु मध्ये दस हजारको हाराहारीमा महिला अनौपचारिक/मौसमी किसिमको रोजगारी (विशेष गरी कृषि) मा रहेकोमा पुरुषको हकमा तेह्र हजार मध्ये करिब छ हजार मात्र अनौपचारिक/मौसमी किसिमको रोजगारी (विशेष गरी कृषि) मा रहेको देखिन्छ। यस जनगणनाको क्रममा करिब ३,००० नागरिक विदेशमा रहेको देखिएको छ, जसमध्ये करिब २,००० भारतमा, ५०० खाडी मुलुक, यूरोप तथा अमेरिकामा र करिब १०० जना नागरिक अन्य देशहरूमा समेत रहेको देखिन्छ ।

रोजगारीका क्षेत्रहरू कृषि (१६०४०), निर्माण (४५४८), होलसेल, खुद्रा तथा मर्मत (२६९२), वित्तीय (२८६), उत्पादन (७०४), होटेल तथा खाजा घर (३३१), शिक्षा (६१३), स्वास्थ्य (१९१) र अन्य क्षेत्रहरू गरी कुल २७,२२० जना नागरिकहरु रोजगार देखिए तापनि यस मध्ये करिब १५,००० नागरिक मौसमी प्रकृतिका रोजगारमा संलग्न देखिन्छन्।

यस तथ्याङ्कबाटबाट निष्कर्षमा भन्नुपर्दा रोजगारीको उपलब्धता र विविधता अत्यन्त न्यून रहेको र अधिकांश श्रमशक्ति निर्वाहमुखी कृषि लगायतका क्षेत्रमा आबद्ध रहेको देखिन्छ। नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४ अनुसार राष्ट्रिय कुल बेरोजगारी दर ११.४ देखिएतापनि यस ठाकुरबाबा नगरपालिकाको बेरोजगारी दर राष्ट्रिय जनगणना, २०७८ को आधारमा करिब ४५% देखिन्छ। वि. सं. २१०० सम्ममा औपचारिक क्षेत्रको रोजगारीको हिस्सा ७०% पुर्याउने र राष्ट्रिय बेरोजगारी दर ३% मा झार्ने राष्ट्रिय दीर्घकालीन लक्ष्य रहेको छ। राष्ट्रिय बेरोजगारी दरको तुलनामा यस ठाकुरबाबा नगरपालिकाको बेरोजगारी दर अत्यन्त उच्च रहेको छ।

## खण्ड-३ रणनीतिक विश्लेषण (Strategic Analysis)

**दुर्बल पक्षः**

- रोजगारी र श्रम सम्बद्ध तथ्याङ्क तथा विवरण एकीकृत नरहेको
- स्थानीय तहमार्फत प्रदान गरिने सीपमूलक तालिम श्रम बजारको मागअनुरूप नभएको
- युवा स्वरोजगार कोषको आकार र क्षेत्र सीमितताका कारण थोरै पहुँच रहेको
- व्यवहारिक शिक्षा तथा रोजगारोन्मुख शिक्षा प्रभावकारी नरहेको
- श्रम र रोजगारसँग सम्बन्धित विषय स्थानीय पाठ्यक्रममा नरहेको
- रोजगारको विषय अन्तरसम्बन्धित भएतापनि समन्वयको कमी रहेको
- लगानी तथा कार्यक्रमका क्षेत्रमा प्रगति सूचकका रूपमा रोजगारी तथा श्रमसम्बद्ध सूचक नरहेको
- रोजगार विनिमयको क्रियाकलाप नरहेको
- रोजगार सहायता, रोजगार परामर्श तथा रेफरल सेवाहरूको कमी रहेको

- अति विपन्न तथा वञ्चितिकरणमा परेका वर्गका लागि विशेष अवसरमूलक रोजगारी तथा स्वरोजगारीका अवसरहरूको अभाव रहेको
- श्रम बजारमा प्रवेश गर्ने तयारीमा रहेका युवा तथा महिलाहरूलाई तयारी तथा काउन्सिलिङ्ग सम्बन्धी गतिविधि सञ्चालन नभएको
- श्रम तथा रोजगारीको क्षेत्रका कार्यक्रम, बजेट, नीति तथा नियम आदिका विषयमा सुझाव सङ्कलनका गर्नका लागि कार्यशाला, अन्तरक्रिया तथा छलफल चलाउने मञ्च गतिशील नभएको

**चुनौती र जोखिमः**

- श्रमको सम्मान र श्रम संस्कृतिको क्षयीकरण
- उत्पादनमूलक क्षेत्रभन्दा खुद्रा तथा होलसेल व्यापारमा केन्द्रित लगानी तथा आकर्षण
- बजारीकरणको अभावमा कृषि क्षेत्र निर्वाहमुखी क्षेत्रको रुपमा मात्र सीमित हुनु
- पर्यटन क्षेत्रको आकार सानो भएकोले आशातीत रोजगारीको सिर्जना नभएको
- आन्तरिक रोजगारी तथा स्वरोजगारीमा वितृष्णा भई वैदेशिक रोजगारीले प्राथमिकता पाएको
- शिक्षा तथा अवसरको खोजीमा बाहिरिने प्रचलन (Trend) उच्च रहेको
- आन्तरिक रोजगारी र श्रममा संलग्नलाई असफल को रूपमा हेर्ने र निरुत्साहित (Demotivate) गर्ने परिपाटी रहेको
- उपयोगिता र व्यवसायिक रूपमा भन्दा तालिमको लागि तालिम लिने परिपाटी हावी भएको
- उद्यम तथा व्यवसाय शुरु गर्ने सोच भएका व्यक्तिहरूका लागि एकद्वार सूचना प्रणाली केन्द्र (One Stop Service Center) नरहेको
- अनुदान तथा सहयोगको पूर्ण सदुपयोग नभई दुरुपयोग हुने समस्या

**सबल पक्षः**

- रोजगार सेवा केन्द्रको स्थापना भएको
- न्यूनतम रोजगारीका कार्यक्रम कार्यान्वयन भएको
- निर्वाचित जनप्रतिनिधिहरुको श्रम तथा रोजगारको क्षेत्रमा तदारुकता
- सुशासन तथा नगरवासीप्रति उत्तरदायी प्रशासन
- सङ्घ तथा प्रदेश सरकारसँगको समन्वयमा श्रम र रोजगारीमूलक कार्यक्रमको प्रभावकारी कार्यान्वयन भइरहेको
- क्षमता विकास, छोटो तथा लामो अवधिको तालिम तथा सीप विकासमा लगानी उल्लेखनीय रहेको

**सम्भावना र अवसरः**

- रोजगार सेवा केन्द्रमार्फत एकीकृत श्रम तथा रोजगारमूलक सुविधा सञ्चालन गर्न सकिने
- जनसाङ्ख्यिकीय लाभांश (Demographic Dividend) मध्ये श्रममा सक्रिय जनशक्ति यथेष्ठ रहेको
- कृषि तथा पर्यटनलाई व्यवसायिक बनाई आन्तरिक रोजगारी सिर्जना गर्ने सम्भावना प्रचुर रहेको
- Skill Requirement Assessment र Trend Analysis गरी आवश्यकता अनुरूप सीप विकासमा लगानी गर्न सकिने
- रोजगारी र श्रमसम्बद्ध तथ्याङ्क तथा विवरण एकीकृत गर्न एकीकृत प्रणालीहरूको प्रयोग गर्न सकिने

- युवा स्वरोजगार कोषको आकार बढाउँदै रोजगारोन्मुख शिक्षामा लगानी बढाउन सकिने
- रोजगारीको विषयलाई सम्पूर्ण कार्यक्रमहरुसँग एकीकृत गरी अगाडि बढाउने र रोजगारीलाई प्रगति सूचकका रूपमा प्रयोग गर्ने
- श्रम र रोजगारका विषय समेत समेटेर स्थानीय पाठ्यक्रम विकास गर्न सकिने
- रोजगार विनिमय, रोजगार सहायता, रोजगार परामर्श तथा रेफरल सेवाहरूको प्रवाह गर्न सकिने
- अति विपन्न तथा वञ्चितिकरणमा परेका वर्गका लागि विशेष अवसर सिर्जना गर्न सकिने
- रोजगार संवाद मञ्चलाई गतिशील बनाई श्रम बजारका नप्रवेशीहरुको क्लब समेत सञ्चालन गर्न सकिने

## खण्ड-४ रणनीतिक सवालहरू (Strategic Issues)

१. न्यूनतम रोजगारी तथा आन्तरिक रोजगारीका अवसरमा वृद्धि
२. रोजगार सहायताका सेवाहरूको विकास र प्रभावकारिता कायम गर्ने
३. रोजगारीको क्षेत्रमा रहेका सम्भावना पहिचान गर्न संवाद मञ्चलाई गतिशील बनाउने
४. परिवर्तनशील अर्थतन्त्रमा रोजगारदाताको आवश्यकता र श्रमिक/जनशक्तिको चाहना सन्तुलन गर्ने
५. प्रविधि परिवर्तन, राजनीतिक, वातावरणीय, सामाजिक, कानूनी, आर्थिक आदि विषयहरूले रोजगारीमा पार्ने प्रभाव
६. सामाजिक सुरक्षा, काम र जीवनको सन्तुलन, श्रमको सम्मान जस्ता विषयहरू
७. नवप्रवर्तन, उत्पादकत्व मार्फत रोजगारी सिर्जना गर्दै दिगो विकासका लक्ष्य प्राप्ति गर्ने
८. न्यून पारिश्रमिक, कार्यस्थल सुरक्षा, रोजगारीको असुरक्षा, श्रम शोषण, बालश्रम जस्ता विषयहरू
९. सीप विकास तथा रोजगारीका अवसरहरूमा समान र समतामूलक पहुँचका विषय
१०. रोजगार सूचना प्रणालीको विकास गर्दै तथ्याङ्कको अधिकतम सदुपयोग गरि तथ्यमा आधारित कार्यक्रम तथा नीति बनाउने विषय

## खण्ड-५ दूरदृष्टि, ध्येय र उद्देश्य

## (Long Term Vision, Mission and Objectives)

**दूरदृष्टिः** व्यवसायीक र सीपमूलक जनशक्तिमार्फत उत्पादनमूलक तथा सेवामूलक रोजगारी सिर्जना गर्दै स्थानीय अर्थतन्त्रलाई गतिशील तथा नगरवासीलाई समुन्नत बनाउने

**ध्येयः** आन्तरिक रोजगारीका अवसरहरूको पहिचान र प्रवर्तन गरेर सोही अनुरूपको सक्षम जनशक्ति उत्पादन गर्ने, श्रम बजारलाई समेत विस्तार गर्ने र व्यवसायिक उत्पादनका क्षेत्रहरूको प्रवर्तन गर्दै आर्थिक वृद्धि मार्फत नगरवासीलाई समुन्नति र अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्ने

**उद्देश्यहरूः**

१. दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति निर्माण गर्ने
२. उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरू सिर्जना गर्ने
३. न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने
४. घरेलु तथा लघु उद्यम मार्फत उत्पादन प्रवर्धन गरी बजारसँग जोड्ने
५. रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्ने
६. वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र शोषणरहित बनाउने

ठकुराम नगरपालिकाको रोजगार रणनीति, २०८०

७. वैदेशिक रोजगारबाट फर्केका आप्रवासी कामदारको सामाजिकीकरण तथा आर्थिक पुनः एकिकरण गर्ने
८. श्रमको सम्मान र श्रम शोषणको अन्त्य गर्ने

## खण्ड-६ रणनीतिक लक्ष्य (Strategic Goals)

रोजगार रणनीतिले मुख्यतः तपसिल बमोजिमका तीन (३) वटा रणनीतिक लक्ष्यहरु राखेको छ।

१. सीपयुक्त र सबल जनशक्ति निर्माण
२. स्थानीय तथा आन्तरिक रोजगारी सिर्जना
३. मर्यादित वैदेशिक रोजगारी

## खण्ड-७ प्रमुख रणनीति तथा कार्यनीतिहरू (Major Strategies)

ठाकुरबाबा नगरपालिकाको स्थानीय रणनीतिक योजनाका प्रमुख रणनीति तथा कार्यनीतिहरु निम्न रहने छन्:

**रणनीति-१: रोजगार सम्बद्ध सेवाहरू, सरोकारवाला निकाय तथा सम्भावित क्षेत्रहरुको नक्साङ्कन (Employment Mapping) गरी रोजगारीका आन्तरिक अवसरहरू वृद्धि गर्नु**

१.१ आन्तरिक रोजगारीका सम्भावित अवसरहरूको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरूको नक्साङ्कन गर्ने।
१.२ आर्थिक उपार्जनका क्षेत्रमा विनियोजित बजेटको सूचकको रुपमा रोजगारी सिर्जनालाई समेत जोड्ने।
१.३ अन्तर सरकारी समन्वय तथा सहकार्य गरी आन्तरिक रोजगारी प्रवर्धन गर्ने।
१.४ लघु उद्यम विकास गरी स्वरोजगारी सिर्जनाको लागि हरेक वडामा सम्भावनाका आधारमा लघु उद्यम स्थापना गर्न अनुदान तथा सहकारी मार्फत स्वरोजगार कोष परिचालन गर्ने।
१.५ कृषि तथा पशु उपजहरू बजारीकरण गर्ने व्यवसाय तथा Startup लाई प्रोत्साहित गर्ने।

**रणनीति-२: श्रम बजारमा आवश्यक जनशक्ति र उपलब्ध जनशक्तिबीचको Gap Analysis गरी श्रम बजारको माग अनुसार दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्नु**

२.१ जनशक्ति आवश्यकताको प्रक्षेपण गर्न सरोकारवालासँग नियमित छलफल र सर्वेक्षण गरी आवश्यक र उपलब्ध सिपयुक्त जनशक्तिको वर्गीकरण गरी सोही अनुसार सीप विकास र प्रमाणीकरणका क्रियाकलापहरु सञ्चालन गर्ने।
२.२ राष्ट्रिय तथ्याङ्क तथा सर्वेक्षणको आधारमा समेत सीप र जनशक्ति मागको प्रवृत्तिमा आधारित भई सीप विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।
२.३ स्थानीय तहमार्फत सञ्चालन हुने तालिमको सीप प्रमाणीकरण हुने गरी स्तर निर्धारण गर्ने।
२.४ स्थानीय पाठ्यक्रममा रोजगारी, स्वरोजगारी, वित्तीय तथा प्राविधिक सुविधा, मर्यादित वैदेशिक रोजगारी लगायतका विषयहरू समावेश गर्ने।
२.५ प्रविधिसँग सामञ्जस्यता हुने गरी सीप स्तरोन्नतिका लागि निर्माण, कृषि, पशुपालन तथा पर्यटनको क्षेत्रका श्रम शक्तिलाई उत्प्रेरित गर्ने।
२.६ तालिम र सीप विकासका गतिविधि एकीकृत गर्ने गरी बहुविषयगत सीप विकास तालिम केन्द्रको सञ्चालन गर्ने।

ठाकुरबाबा नगरपालिकाको रोजगार रणनीति, २०८०

<u>रणनीति-३:</u> **रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदै रोजगारीको हक कार्यान्वयन गर्ने र बेरोजगारहरूलाई रोजगारीको अवसर सिर्जना गर्नु**

३.१ रोजगार संवाद मञ्चमार्फत सरोकारवाला सहित वृहत् रूपमा नियमित छलफल तथा पृष्ठपोषण सहित आवश्यक कार्यक्रमहरू तर्जुमा, सञ्चालित कार्यक्रमहरूको उपलब्धि समेत विश्लेषण गर्दै निजी तथा सहकारी क्षेत्रसँग समन्वय र सहकार्य बढाउने।

३.२ रोजगारदाता, श्रमिक तथा सीप र रोजगारमूलक सेवाको अभिलेख राखी नियमित रुपमा अद्यावधिक गर्ने।

३.३ स्वरोजगारमूलक क्षेत्रको सम्भाव्यता पहिचान र सीपमूलक तथा क्षमता विकास क्रियाकलापको संयोजन तथा सञ्चालन गर्ने।

३.४ श्रम तथा रोजगार सम्बद्ध सम्पूर्ण सूचना प्रणाली अद्यावधिक गरी Informed Decision Making मा सहयोग गर्ने।

३.५ स्वरोजगारका लागि उद्यमशीलता विकास तथा व्यवसायिक योजना निर्माणमा सहयोग गरी सेवा नियमित गर्ने।

३.६ वैदेशिक रोजगारीलाई मर्यादित, सहज र सुरक्षित बनाउने, सेवा नियमित सञ्चालन गर्ने तथा फर्केका व्यक्तिहरूलाई सामाजिक तथा आर्थिक रूपमा पुनः एकीकरण गर्ने क्रियाकलाप नियमित रुपमा सञ्चालन गर्ने।

३.७ न्यूनतम रोजगारी र बेरोजगार सहायताको लागि नियमित क्रियाकलाप सञ्चालन गर्ने तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरूको वैयक्तिक विवरण दर्ता गर्ने।

३.८ रोजगार विनिमयका लागि सफ्टवेयर सिस्टम मार्फत रोजगारदाता र रोजगारीको खोजीमा रहेका व्यक्तिबीच विनिमय सेवा सञ्चालन गर्ने ।

३.९ सरोकारवाला, रोजगारदाता, तालिम प्रदायक, सहकारी तथा सरकारी निकायहरुको संलग्नतामा उपलब्ध अवसर, करियर परामर्श, सरकारी तथा वित्तीय सेवा सुविधा, प्राविधिक ज्ञान, प्रविधि हस्तान्तरण आदिको विनिमय हुने गरी वार्षिक रोजगार मेला नियमित रुपमा सञ्चालन गर्ने।

३.१० श्रमको सम्मान अभियान सञ्चालन गरी सरोकारवालामा श्रमप्रति सम्मानको धारणा विकास गर्ने।

३.११ श्रम बजारका नप्रवेशी युवा महिलालाई प्रोत्साहन हुने गरी रोजगारी तयारी क्लब सञ्चालन गरी करियर काउन्सिलिङ्ग तथा उत्प्रेरणामूलक क्रियाकलाप गर्दै Peer Learning समेत हुने गरी रोजगारी तयारी क्लब सञ्चालन गर्ने।

३.१२ रोजगारी सिर्जनाका लागि सक्षम र जवाफदेही संस्थागत क्षमता विकास गर्ने क्रियाकलापको संयोजन गरी अन्तर शाखा समन्वयलाई बढावा दिने।

३.१३ रोजगार सम्बद्ध विभिन्न योजना, कार्ययोजना तथा कार्यनितिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने।

<u>रणनीति-४:</u> **श्रमको सम्मान अभिवृद्धि गर्ने, भेदभावरहित श्रम बजारसहित श्रमिकहरूको आन्तरिक रोजगारीका अवसरहरूमा पहुँच अभिवृद्धि गर्नु**

४.१ निम्न आय भएका, दलित, एकल महिला, शहीद तथा बेपत्ता, घाईते परिवार, अपाङ्ग तथा वञ्चितीकरणमा परेका लक्षित वर्ग उत्थानका लगि विशेष कार्यक्रम सञ्चालन गर्ने।

४.२ स्थानीय स्तरमा न्यूनतम पारिश्रमिक र कार्यस्थल सुरक्षाको नियमन गरी उल्लङ्घन गर्ने माथि ध्यानाकर्षण तथा कारबाही गर्ने वा सम्बन्धित निकायमा सिफारिस गरी पठाउने।

४.३ बालश्रम तथा श्रम शोषण, बाध्यकारी श्रम, रोजगारीमा हुने ठगी आदिको नियमित नियमन गरी उल्लङ्घन गर्ने माथि ध्यानाकर्षण तथा कारबाही गर्ने वा सम्बन्धित निकायमा सिफारिस गरी पठाउने।

४.४ **"श्रमको सम्मानः राष्ट्रको अभियान"** को प्रभावकारी कार्यान्वयन गर्ने साथै सबै किसिमका भेदभाव अन्त्य गरी श्रम संस्कृतिको विकासमा टेवा पुर्याउने।

४.५ असल श्रम सम्बन्ध कायम गर्न तथा स्थानीय स्तरमा श्रम सम्बद्ध विवाद समाधानका लागि रोजगार संवाद मञ्चको प्रभावकारी परिचालन गर्ने।

**रणनीति-५: वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउन आवश्यक सहयोग गर्नुका साथै वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई पुनः एकीकरण गर्न समन्वय, सहकार्य र साझेदारी गर्नु**

५.१ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई मनोसामाजिक परामर्श, वित्तीय साक्षरता, सीप प्रमाणीकरण लगायतका विषयमा नियमित अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

५.२ वैदेशिक रोजगार बोर्डका कल्याणकारी सुविधा, श्रम स्वीकृति सहजीकरण जस्ता सुविधा रोजगार सेवा केन्द्र मार्फत नियमित रुपमा प्रदान गर्ने।

५.३ वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई आवश्यकताका आधारमा मनोसामाजिक परामर्श, कानूनी परामर्श, रेफरल सेवा प्रदान गरी पुनः एकीकरणमा गर्न जोड दिने।

५.४ वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई आर्थिक उपार्जन, उद्यमशीलता तथा सीप विकासमा सहयोग गर्न सङ्घीय सरकार, प्रदेश सरकार र गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।

५.५ आप्रवासी स्रोत सामाग्री (श्रव्यदृश्य र पुस्तिका) निर्माण गर्ने।

**रणनीति-६: उद्यमशीलता विकास र प्रवर्तन गर्ने नवीन सोच, ज्ञान, सीप, पुँजी र प्रविधिलाई उपयोग गर्दै स्थानीय अर्थतन्त्रलाई गतिशील र सुदृढ बनाउनु**

६.१ नवप्रवर्तन कोषको व्यवस्था गरी नयाँ किसिमका व्यवसाय तथा उद्यममा युवापुस्तालाई आकर्षित गर्ने।

६.२ उत्पादनमूलक क्षेत्रमा रहेका Supply Chain, Market Access, Marketing लगायतका समस्या समाधानका लागि Challenge Fund व्यवस्था गरी नवीनतम सोच र प्रक्रिया मार्फत समाधान गर्ने संस्कृति बसाल्ने।

६.३ राष्ट्रिय आविष्कार केन्द्र जस्ता गैरनाफामुखी संस्थाहरूसँग सहकार्य गरी नवउद्यमीहरूलाई आवश्यक प्रविधिको पहुँच वृद्धि गर्ने।

**रणनीति-७: श्रम तथा रोजगार सम्बद्ध तथ्याङ्क सङ्कलन, भण्डारण, प्रशोधन र प्रसारण गर्नु**

७.१ सरकारी, गैरसरकारी संस्थामार्फत सञ्चालित छोटो, मध्यम तथा लामो समयको सीप विकास र उद्यमशीलता तालिमको विवरण, तालिम लिने व्यक्तिहरूको डेटाबेस बनाई एकीकृत गर्ने।

७.२ सीपयुक्त जनशक्तिको विवरण तयार गरी सार्वजनिक रूपमा राखी Job Exchange मा सहयोग गर्ने गरी सीपयुक्त जनशक्तिको उपलब्धता अभाव कम गर्ने।

७.३ वैदेशिक रोजगारीमा जाने तथा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूको विवरण तथा सिकेको सीपको समेत विवरण सङ्कलन गरी प्रोफाइल तयार पार्ने।

७.४ स्थानीय तहमा उपलब्ध तथ्याङ्क, घरधुरी सर्वेक्षण, सिटी प्रोफाइल, जनगणना इत्यादि मार्फत रोजगार सम्बद्ध Infographics तथा Insights तयार गरी निर्णय प्रक्रियामा सहयोग गर्ने।

७.५ बालश्रम, श्रमशोषण र श्रम तथा रोजगार सम्बद्ध उजुरीहरूको अभिलेख राख्ने।

गोदावरी नगरपालिकाको राजपत्र २०८०

७.६ रोजगारदाताहरूको अभिलेख तयार गरी नियमित रूपमा अद्यावधिक गर्ने।

७.७ स्थानीय तहभित्र सञ्चालित उद्यम, व्यवसाय, प्रतिष्ठान र व्यवसायमा रहेका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने।

## खण्ड-८ रणनीतिक कार्ययोजना (Strategic Action Plan)

| रणनीति | कार्यनीति | कार्यक्रम | आर्थिक वर्ष २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|
| १ | १.१ | वार्षिक श्रम तथा रोजगार सर्वेक्षण | √ | √ | √ | √ | √ | रोजगार सेवा केन्द्र |
| | १.२ | अन्तर शाखा समन्वय बैठक | √ | √ | √ | √ | √ | |
| | १.३ र १.४ | रोजगार संवाद मञ्चको नियमित बैठक | √ | √ | √ | √ | √ | |
| | १.५ | स्थानीय उत्पादन बजारीकरण गर्ने व्यवसाय सहयोग कार्यक्रम | √ | √ | √ | √ | √ | आर्थिक विकास शाखा |
| २ | २.१,२, ३ र ५ | एकीकृत सीप विकासका लागि क्षेत्र पहिचान, प्रक्षेपण तथा उत्प्रेरणा कार्यक्रम | √ | √ | √ | √ | √ | रोजगार सेवा केन्द्र |
| | २.४ | श्रम तथा रोजगारसम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण | | √ | | | | शिक्षा शाखा तथा रोजगार सेवा केन्द्र |
| | २.६ | बहुविषयगत तालिम केन्द्र निर्माण तथा सञ्चालन | | | | | √ | |
| ३ | ३.२,४,७ र ८ | एकीकृत श्रम, रोजगार तथा तालिम विवरण व्यवस्थापन प्रणाली सञ्चालन | √ | √ | √ | √ | √ | रोजगार सेवा केन्द्र |
| | ३.१ ३.३ | आन्तरिक रोजगारीको सम्भाव्यता अध्ययन कार्यक्रम | √ | √ | √ | √ | √ | |
| | ३.६ | वैदेशिक रोजगारी परामर्श तथा पूर्वप्रस्थान स्रोत केन्द्र सञ्चालन | √ | √ | √ | √ | √ | |
| | | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको आर्थिक तथा सामाजिक पुनः एकीकरण कार्यक्रम | √ | √ | √ | √ | √ | |

ठाकुरबाबा नगरपालिकाको रोजगार रणनीति, २०८०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३.९ | रोजगार मेला सञ्चालन | √ | √ | √ | √ | √ | |
| | ३.१० | श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन | √ | √ | √ | √ | √ | |
| ४ | ४.१ | लक्षित वर्ग विशेष सीप विकास तथा रोजगार कार्यक्रम | √ | √ | √ | √ | √ | महिला विकास |
| | ४.२,३ र ४ | श्रम बजार तथा कार्यस्थल अनुगमन तथा उजुरी दर्ता कार्यक्रम | √ | √ | √ | √ | √ | न्यायीक समिति र रोजगार सेवा केन्द्र |
| ५ | ५.५ | आप्रवासी स्रोत पुस्तिका निर्माण तथा अद्यावधिक | √ | √ | √ | √ | √ | रोजगार सेवा केन्द्र |
| ६ | ६.१,२ र ३ | नवप्रवर्तन कोष तथा Challenge Fund सञ्चालन तथा व्यवस्थापन | √ | √ | √ | √ | √ | |
| ७ | ७.३ | आप्रवासी कामदार प्रोफाइल निर्माण तथा अद्यावधिक | √ | √ | √ | √ | √ | |

## खण्ड-९ श्रोत परिचालन तथा बजेट व्यवस्थापन

**(Resource Mobilizations and Budget Management)**

यो रणनीतिक योजना कार्यान्वयन गर्नका लागि रोजगार सेवा केन्द्रलाई आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापन नगरपालिकाले गर्नु पर्नेछ जसको लागि नगरपालिकाले सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, सहकारी, गैरसरकारी संघसंस्था तथा विकासका साझेदारहरूको आर्थिक एवं प्राविधिक स्रोतसाधन परिचालन, समन्वय र सहकार्य गर्न सक्नेछ।

## खण्ड-१० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था

**(Steering committee, Monitoring and Evaluation)**

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम २ बमोजिमको स्थानीय निर्देशक समिति नै यस रणनीतिको निर्देशक समिति हुनेछ। स्थानीय निर्देशक समितिले रणनीति कार्यान्वयनको अनुगमन गर्नेछ। रोजगार सेवा केन्द्र मार्फत रोजगार संवाद मञ्चमा समेत रणनीति कार्यान्वयनको विषयमा नियमित छलफल चलाएर पृष्ठपोषण समेत लिई निर्देशक समिति मार्फत कार्यपालिकामा नियमित प्रतिवेदन पेश गरिनेछ। कार्यपालिकाको निर्देशन बमोजिम निर्देशक समितिले थप बृहत् छलफल एवं परामर्श गरी यस रणनीतिमा पुनरावलोकन तथा सुधार गर्न प्रतिवेदन तयार गर्ने, आवश्यक परेमा तेस्रो पक्षबाट समेत थप अध्ययन गराई प्रतिवेदन कार्यपालिकामा पेश गरी सुधार एवं पुनरावलोकनका लागि प्रक्रिया बढाउन सक्नेछ।

स्थानीय रोजगार रणनीतिको सचिवालयको रूपमा रोजगार सेवा केन्द्रले कार्य गर्नेछ। रोजगार रणनीतिको कार्यान्वयनका लागि आवश्यकता अनुसार कार्य योजना निर्माण तथा परिमार्जन गर्नका लागि निर्देशक समिति समक्ष पेश गर्न सक्नेछ।

### खण्ड-११ जोखिम व्यवस्थापन (Risk Management)

रोजगार रणनीति कार्यान्वयनका क्रममा देखिन सक्ने सम्भावित जोखिमहरू तथा सोको व्यवस्थापन गर्नका लागि अवलम्बन गरिने उपायहरु देहाय बमोजिम रहनेछ।

| क्र. सं. | सम्भावित जोखिम | जोखिम व्यवस्थापनको उपाय |
|---|---|---|
| १ | बजेट व्यवस्थापन | अपुग बजेट व्यवस्थापनका लागि सङ्घ, प्रदेश, नीजि क्षेत्र, गैरसरकारी संघसंस्था आदिसँग समन्वय तथा सहकार्य गरिने |
| २ | समन्वय र सहकार्य | सङ्घ, प्रदेश, नीजि क्षेत्र, गैरसरकारी संघसंस्था आदिसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिने |
| ३ | रणनीति कार्यान्वयन नहुनु | हरेक आर्थिक वर्षको लागि कार्यक्रमहरु समेत तय गरिएको र नियमित समीक्षा तथा पृष्ठपोषण गरिने |

ठाकुरबाबा नगरपालिकाको रोजगार रणनीति, २०८०

अनुसूची-१

## ठाकुरबाबा नगरपालिकाको रोजगार रणनीतिको नतिजा खाका

| क्र. सं. | नतिजा सूचक | एकाई | आधार तथ्याङ्क | लक्ष्य (आर्थिक वर्षअनुसार) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ८०। ८१ | ८१। ८२ | ८२। ८३ | ८३। ४५ | ८४। ८५ |
| १ | औपचारिक रोजगारीमा संलग्न जनसङ्ख्या (महिला/पुरुष/कुल) | जना | | | | | | |
| २ | अनौपचारिक रोजगारीमा संलग्न जनसङ्ख्या (महिला/पुरुष/कुल) | जना | | | | | | |
| ३ | वैदेशिक रोजगारीका लागि तेस्रो मुलुक गएका व्यक्तिहरुको सङ्ख्या | जना | | | | | | |
| ४ | वैदेशिक रोजगारीका लागि भारत गएका व्यक्तिहरुको सङ्ख्या | जना | | | | | | |
| ५ | सीपमूलक तालिम लिने व्यक्तिरुको सङ्ख्या (महिला/पुरुष/कुल) | जना | | | | | | |
| ६ | स्वरोजगार तथा उद्यममा संलग्न जनसङ्ख्या (महिला/पुरुष/कुल) | जना | | | | | | |
| ७ | सीप प्रमाणीकरण भएका व्यक्तिहरुको सङ्ख्या (महिला/पुरुष/कुल) | जना | | | | | | |
| ८ | रोजगार सहायता प्राप्त गर्ने सेवाग्राहीहरुको सङ्ख्या (महिला/पुरुष/कुल) | जना | | | | | | |
| ९ | रोजगार मेला र रोजगार तयारी क्लबबाट लाभान्वित लाभग्राहीहरुको सङ्ख्या (महिला/पुरुष/कुल) | जना | | | | | | |
| १० | विशेष कार्यक्रमबाट लाभान्वित बञ्चितीकरणमा परेका लक्षित समूहका लाभग्राहीहरुको सङ्ख्या | जना | | | | | | |
| ११ | वैदेशिक रोजगारीको क्रममा ठगीमा परेका, दुर्घटनामा परेका तथा मृत्यु भएकाहरुको सङ्ख्या | जना | | | | | | |
| १२ | पूर्ण बेरोजगार जनसङ्ख्या | जना | | | | | | |
| १३ | न्यूनतम रोजगारीका लागि आवेदन दिने व्यक्तिहरूको सङ्ख्या (महिला/पुरुष/कुल) | जना | | | | | | |

(रोजगारीमा संलग्न सक्रिय जनसङ्ख्या निकाल्दा १५-५९ वर्षको उमेर समूहलाई आधार बनाइनेछ।)

ठाकुरबाबा नगरपालिकाको रोजगार रणनीति, २०८०

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत